"प्राकृतिक सम्पदायुक्त हराभरा सहर, सम्पूर्ण नगरबासीको एउटै रहर"

# परशुराम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

पत्र संख्याः- २०८२/०८३
चलानी नम्बरः- १९४१

जोगबुडा, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल।

मितिः २०८३ बैशाख २३ गते

विषयः वित्तीय अनुशासन कायम गर्ने सम्बन्धमा।

श्री शाखा प्रमुखज्यूहरू (सबै),
परशुराम नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
सुदूरपश्चिम प्रदेश, जोगबुडा, डडेल्धुरा।

यस परशुराम नगरपालिकाका विभिन्न शाखाहरूबाट आर्थिक वर्ष २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रमहरू सघन रूपमा सञ्चालन भइरहेको विषय अवगत भयो। यस सन्दर्भमा महालेखापरीक्षकको आर्थिक वर्ष २०८०/८१ को परशुराम नगरपालिकाको प्रतिवेदन अध्ययन गर्दा यस्ता कार्यक्रमहरू सञ्चालन तथा खर्चमा बेरूजु उच्च रहेको देखिएको र यस सम्बन्धमा मिति २०८३ बैशाख १८ गते जिल्ला समन्वय समितिको कार्यालय, डडेल्धुरामा कार्यक्रम समेत सम्पन्न भएको छ। उक्त कार्यक्रममा गरिएको प्रस्तुतिकरणको छायाँप्रति यसै पत्रसाथ संलग्न छ।

अतः नगरपालिकामा वित्तीय अनुशासन कायम गर्न प्रचलित ऐन/नियम, कार्यविधि, मापदण्ड, निर्देशिका लगायतको पालना तथा अवलम्बन गर्दै कुनै प्रकारको बेरूजु सिर्जना नहुने गरी मात्र कार्यक्रम सञ्चालन तथा खर्च गर्नुहुन। साथै, कार्यक्रम सञ्चालन गर्दा यथासम्भव सरकारी भवन तथा हलमा गर्नुहुन र चालु तथा प्रशासिनक खर्चमा उच्च मितव्ययिता, पारदर्शिता कायम गर्दै आवश्यक पर्ने सम्पूर्ण कानूनी प्रक्रिया, कागजात प्रमाण, बिल भर्पाई लगायतका विषयहरू समेत सुनिश्चित गर्नुहुन अनुरोध छ।

२०८३/०१/२३

(खगेन्द्र साउँद)
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः
श्री प्रशासन शाखाः सबै कर्मचारीहरूलाई बेरूजुको प्रस्तुतीकरण सामग्रीसहित जानकारी गराउनुहुन।
श्री आर्थिक प्रशासन शाखाः जानकारीका लागि।
श्री सूचना प्रविधि शाखाः नगरपालिकाको Website मा Upload गर्नुहुन।